# (सानो मुस्लिम)

यो इस्लाम र आघारभुत नैतिकता
समावेश भएको पाठ हो
जुन मुस्लिम बालबालिकाको लागि
तयार गरिएको हो।

---

सम्पादक :- अल जीरियाका डाक्टरहरूको एउटा समूह।
प्रस्तुति :- अलअब व अत्अल्लम भनिने एउटा वेबसाइट।

www.alsarhaan.com

بسم الله الرحمن الرحيم

# {पहिलो अध्याय}


# मेरो ईमान (विश्वास)

**म मुस्लिम हो,**
**मेरो पालनकर्ता अल्लाह हो,**
**र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) मेरो नबी (ईशदूत) हो**
**र इस्लाम मेरो धर्म हो।**

## म अल्लाह सर्वशक्तिमान लाई माया गर्छु;

किनकि उहाँ सम्पूर्ण ब्रह्माण्डको पालनकर्ता हो,
अत्यन्त दयालु र अति कृपालु हो,
न्यायको (प्रतिफलको) दिनका स्वामी हो,
र यस कारण पनि किनभने उहाँले मलाई सृष्टि गर्नु भएको छ,
मलाई जीविका प्रदान गर्नु भएको छ, मलाई मुस्लिम बनाएको छ।

## अल्लाह सर्वशक्तिमानले भन्छ;



"शुरू गर्दछु अल्लाहको नामबाट जो अत्यन्त दयालु र अति किर्पालु छ। (१) समस्त प्रशंसा अल्लाहका लागि हुन,जो सम्पूर्ण ब्रह्माण्डको पालनकर्ता हो।(२)
३) अत्यन्त दयालु र अति कृपालु हो।)
४) न्यायको (प्रतिफलको) दिनका स्वामी हो।)
५) हामी तिम्रै उपासना गर्दछौं र तिमीसंग मात्र मद्दत चाहन्छौं।)
६) हामीलाई सोझो (सच्चा) बाटो देखाउ।)
उनिहरुको बाटो जसलाई तिमीले पुरस्कृत गर्यो, (७) तिनिहरुको (होइन जसमाथि तिम्रो क्रोध भयो,र न पथ-भ्रष्टहरुको (बाटो)"। (८

{सुरतुल-फतिहा}

## म मेरो नबी (ईशदूत) मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई माया गर्छु।

किनभने अल्लाहले उहाँलाई हाम्रो लागि संसारमा पठाउनुभयो, जसले हामीलाई अल्लाहबारे ज्ञान दियो,हामीलाई कुरान सिकायो,र म उहाँलाई माया गर्छु, किनकी उहाँ कोमल मुटु,दया, राम्रो स्वभाव, र गुणस्तरीय बानिवाला थिए।

अल्लाह सर्वशक्तिमानले उहाँका लागी भन्नुभएको छ;
"नि:सन्देह तपाईं उच्च आचरणवाला हुनुहुन्छ"।
{ सुरह कलम : ४ }

र अल्लाहले आर्को ठाउँमा भन्नुभएको छ "
"र ईमानवालाहरुलाई निकै माया गर्ने दयालु छन्"।
{ सुरह तौबा : १२४ } :

र अल्लाहको भनाई छ;

"नि: सन्देह हमीले तिमीलाई 'हौजे कौसर' (अनुकम्पाहरु) प्रदान गरेका छौं।(१) अत: आफ्ना पालनकर्ताको लागि नमाज पढ्ने गर र उसको निम्ति कुर्बानी गर।(२) :नि:शन्देह तिम्रो शत्रु नै लावारिस नाम-निशान बगेरको हुने छ।" (३)
{अल कौसर}

**र मा आफ्नो धर्म ईस्लामलाई माया गर्छु;**

किनकी यही नै सत्य धर्म हो जसलाई आल्लाहले हामिहरुका लागि मनपराएको छ, जसलाई लिएर हाम्रो नबी संसारमा आउनुभएका थिए,जसले यस धर्मलाई थामिन्छ त्यो स्वर्गमा जानेछ,जसले छोड्छ, त्यो नर्कमा जानेछ।

## अल्लाह सर्वशक्तिमानले भन्नु भएको छ;

"(१) समय  (युग) को कसम। (२) वास्तवमा मानिसहरू पूरै घाटामा छन्।(३) ती मानिसहरु बाहेक, जसले ईमान ल्याए र असल कर्म गरिरहे र (जसले) आपसमा सत्य कुराको आग्रह र एक अर्कालाई धैर्यको ताकेदा गरिरहे।"

{सुरह अल असर}

## इस्लामका पाँचवटा स्तम्भहरू छन्;

(१) अल्लाह बाहेक कोही योग्य पूज्य छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुनुहुन्छ भन्ने गवाही दिनु।
(२) नमाज (उपासना) पढ्ने।
(३) जकात (दान) दिने।
(४) रमजानको महिनामा उपवास बस्ने।
(५) अल्लाहका घर काबाको तिर्थयात्रा गर्ने

## ईमानका छवटा स्तम्भहरू छन्;

(१) अल्लाह माथि विश्वास।
(२) फरिशताहरु (स्वर्गदूत हरु) माथि विश्वास।
(३) आकाशिय पुस्तकहरु माथि विश्वास।
(४) सन्देशवाहकहरु माथि विश्वास।
(५) अन्तिम दिन (महा प्रलय) को दिन माथि विश्वास।
(६) र राम्रो नराम्रो भाग्य माथि विश्वास।

**अल्लाह र उहाँका रसूललाई मन पर्ने सबै कुरा मलाई मन पर्छ,**
**अल्लाह र उहाँका रसूलले घृणा गर्ने सबै कुरालाई म घृणा गर्छु।**

## {दोस्रो अध्याय}

# मेरो नमाज (उपासना)

अल्लाह सर्वशक्तिमानले हामीलाई आफ्नो उपासनाको लागि सृष्टि गरेको छ, त्यसैले हामी उ बाहेक अरु कसैको उपासना गर्दैनौं,र उ बाहेक अरु कसैलाई पुकार्दैनौं।



**सबै भन्दा ठुलो उपासना नमाज हो।**

## नमाज पाँच पटकको हो

फजर (बिहान) : यसलाई म दुई रकत पढ्छु,
जोहर (दिउँसो) : यसलाई म चार रकत पढ्छु,
असर (बेलुका) : यसलाई म चार रकत पढ्छु,
मगरिब (साँझा) : यसलाई म तीन रकत पढ्छु,
एशा (राति) : यसलाई म चार रकत पढ्छु।



म समयमै नमाज पढ्छु,र एकदमै नम्रतासंग पढ्छु।

म नमाज पढ्नु भन्दा पहिला वजू गर्छु,म कहिल्यै वजू बिना नमाज पढ्दिन।





# {तेस्रो अध्याय}

## मेरो आचरण, चरित्र (बानी ब्यहोरा)

**अल्लाहले राम्रो आचरणलाई मनपराउनु हुन्छ,र नराम्रो आचरणलाई (बानि ब्यहोरा) मनपराउदैन, र नबी (स.) हाम्रो बानी ब्यहोरा सुधार गर्न को लागि आउनुभएका थिए।**

**त्यसैले मलाई राम्रो बानी बसाल्नु पर्छ, जस्तो कि सत्य बोल्नु पर्छ, वफादार हुनुपर्छ, ईमान्दार हुनुपर्छ, साहसी हुनुपर्छ,उदार हुनुपर्छ,सभ्य कुराकानी गर्नुपर्छ,शिक्षक को सम्मान गर्नुपर्छ, आफु भन्दा ठूला उमेर लाई सम्मान गर्नुपर्छ।**

**खराब बानी जस्तो कि झुटो,विश्वासघात, कमजोरी, कंजूसपन, नराम्रो कुराकानी, अनादर,यी सबै बाट टाढा रहनु पर्छ।**

### नबी (स.) ले भन्नु भएको छ;

"नि:सन्देह तपाईंहरूमध्ये मलाई सबैभन्दा प्रिय र न्यायको दिनमा मसँग बस्ने सबैभन्दा नजिकको व्यक्ति तपाईंको चरित्रमा सबैभन्दा राम्रो हो।"

(तिरमजि)



# समाप्ति



ज्ञान प्रकाश हो, अज्ञानता भनेको अन्धकार हो, त्यसैले म ज्ञान प्राप्त गर्नकोलागि कडा मेहनत र प्रयास गर्दछु, ताकि मेरो पालनकर्ता मसँग खुसी हुन् र मलाई स्वर्गमा प्रवेश गरून्। वन्दना र बिन्ती (दुआ) मुस्लिमहरूको लागि किल्ला जस्तै हो।

त्यसैले म बिहान र साँझ जाप, वन्दना, र बिन्ती गर्छु, जसमा आयत अल कुरसी, सुरह अखलास, र मुअव्वजतैन पढ्छु।

बिन्ती (दुआ) सफलताको कुञ्जी हो, त्यसैले म अल्लाहसंग सधैँ बिन्ती गर्छु,जस्तै प्रणाम (सजदह) को हालतमा,अजान पछि,र रातिमा।





# केही बिन्तीहरु

हे! अल्लाह मलाई सिधा मार्ग देखाऊ।
हे!अल्लाह मलाई स्थिरता देऊ।
हे! अल्लाह मलाई ज्ञानी बनाऊ।
हे! मेरो पालनकर्ता मलाई र मेरो आमा बाबुलाई क्षमा गरिदेऊ,र तिनीहरू माथि दया गर्नु।
हे! अल्लाह मलाई संसारमा भलाइ देऊ,र प्रलोकमा पनि भलाइ देऊ, र नर्कको आगोबाट बचाऊ,आमीन।

**समाप्त**